“तपाईको स्वास्थ्य, हाम्रो अठोट”

**नेपाल सरकार**

**स्वास्थ्य बीमा बोर्ड**

**टेकु, काठमाण्डौ**

# स्वास्थ्य बीमा सम्बन्धी जानकारी

स्वास्थ्य बीमा कार्यक्रम देशका प्रत्येक नागरिकलाई स्वास्थ्य उपचारमा सरल र सहज पहुँच पुऱ्याउने उदेश्यले ल्याईएको नेपाल सरकारको प्राथमिकता प्राप्त कार्यक्रम हो । यसले हाल स्वास्थ्य उपचारमा अनियन्त्रित रुपमा भइरहेको व्यक्तिगत तथा परिवारिक खर्चलाई घटाउने लक्ष्य लिइएको छ। यो कार्यक्रम योगदान र सामाजिक साझेदारीमा अधारित छ। यस कार्यक्रममा परिवारलाई इकाईको रुपमा लिइएको छ। यो कार्यक्रम आ. व. २०७२/०७३ मा कैलाली जिल्लाबाट सुरु भई चरणवद्ध रुपमा देश भर विस्तार हुँदैछ। साथै आगामी आ.व. २०७७/०७८ भित्र देशका ७७ वटैं जिल्लामा पुऱ्याउने लक्ष्य रहेको छ।

## स्वास्थ्य बीमामा आबद्ध हुने तरिका

- प्रत्येक वडामा रहेका दर्ता सहयोगी मार्फत यस कार्यक्रममा आबद्ध हुन सकिन्छ।
- बिमीत हुन चाहने परिवारले आफ्नो घरमुली तथा अन्य सदस्यहरुको नागरिकता वा नेपाल सरकारबाट जारी वैधानिक परिचय पत्र अनिवार्य रुपमा देखाई परिवारका सबै सदस्यहरुको आवश्यक फाराम भरि दर्ता सहयोगीले मोबाइलबाट फोटो खिचेर मात्र आबद्ध हुन सकिन्छ।

## बीमामा आबद्ध हुन लाग्ने योगदान रकम

- ५ जनासम्मको परिवारलाई वर्षिक रु. ३५००।-
- ५ जना भन्दा बढी सदस्य भएको परिवारमा थप प्रति सदस्यको लागि रु. ७००।-
- ७० वर्ष भन्दा माथिका जेष्ठ नागरिक, अति गरिब, अति अशक्त, अपाङ्गता भएका व्यक्ति एवं कुष्ठरोगी, एम.डि.आर. टि.वि. र एच.आइ.भि. संक्रमित बिरामी भएका घर परिवारलाई योगदान रकममा पूर्ण छुटको व्यवस्था छ।

## बिमीत परिवारले पाउने सुविधाको थैली

- ५ जनासम्मको परिवारको वार्षिक रु. १,००,०००।- सम्मको स्वास्थ्य उपचार पाइन्छ।
- ५ जनाभन्दा बढी प्रति थप सदस्य बापत सुविधाको थैलीमा रु.२०,०००।- वृद्धि हुदै जान्छ र परिवार संख्या अनुसार बढीमा रु.२,००,०००।- सम्मको उपचार सुविधा पाइन्छ।
- जेष्ठ नागरिकले वार्षिक रु.१,००,०००।- सम्मको स्वास्थ्य उपचार सेवा पाउनेछन्।
- स्वास्थ्य बीमामा सुविधा लिन हरेक वर्ष अनिवार्य रुपमा नविकरण गर्नु पर्दछ।

## स्वास्थ्य बीमा कार्यक्रमबाट उपलब्ध हुने सेवा सुविधाहरु

- वहिरंङ्ग, अन्तरंङ्ग, आकस्मिक तथा अन्य कक्षबाट प्रदान गरिने बीमा बोर्डले तोकेका उपचार सेवाहरु।

## स्वास्थ्य बीमा लागु भई सकेका जिल्लाहरू

प्रदेश नं. १ : ईलाम, झापा, सुनसरी, सोलुखुम्बु, भोजपुर, खोटाङ्ग, संखुवासभा, मोरङ्ग, ओखलढुंगा र तेह्रथुम

प्रदेश नं. २ : महोत्तरी, पर्सा, रौतहट, धनुषा र सिराहा

प्रदेश नं. ३ : भक्तपुर, मकवानपुर, चितवन, रामेछाप, सिन्धुली,काभ्रेपलाञ्चोक र धादिङ्ग

गण्डकी प्रदेश : बाग्लुङ्ग, कास्की, म्यागदी, तनँहु, गोरखा, स्याङ्गजा र पर्वत

प्रदेश नं. ५ : पाल्पा, बर्दिया, रोल्पा, रुकुम पूर्व, प्यूठान, अर्घाखाँची, कपिलबस्तु, बाँके र गुल्मी

कर्णाली प्रदेश : जाजरकोट, सुर्खेत, रुकुम पश्चिम, जुम्ला, कालीकोट, हुम्ला, डोल्पा, मुगु र दैलेख

सुदुपश्चिम प्रदेश : कैलाली, अछाम, बैतडी, बाजुरा, बझाङ्ग, दार्चुला, कञ्चनपुर, डोटी र डडेलधुरा

## तत्काल लागु हुने जिल्लाहरू

धनकुटा, सप्तरी, रुपन्देही र नुवाकोट

**थप जानकारीको लागि**

**www.hib.gov.np मा लग इन अथवा कार्यालय समयभित्र हट लाइन १६६०-०१-११२२४ मा फोन गर्नुहोस ।**

**“सबैले समयमै स्वास्थ्य बीमा गरौं, परिवारको स्वास्थ्य उपचारमा ढुक्क होऔं”**

"तपाईको स्वास्थ्य, हाम्रो अठोट"

**नेपाल सरकार**

**स्वास्थ्य बीमा बोर्ड**

**टेकु, काठमाण्डौ**

# स्वास्थ्य बीमा सम्बन्धी जानकारी

स्वास्थ्य बीमा कार्यक्रम देशका प्रत्येक नागरिकलाई स्वास्थ्य उपचारमा सरल र सहज पहुँच पुऱ्याउने उदेश्यले ल्याईएको नेपाल सरकारको प्राथमिकता प्राप्त कार्यक्रम हो । यसले हाल स्वास्थ्य उपचारमा अनियन्त्रित रुपमा भइरहेको व्यक्तिगत तथा परिवारिक खर्चलाई घटाउने लक्ष्य लिइएको छ। यो कार्यक्रम योगदान र सामाजिक साझेदारीमा अधारित छ। यस कार्यक्रममा परिवारलाई इकाईको रुपमा लिइएको छ। यो कार्यक्रम आ. व. २०७२/०७३ मा कैलाली जिल्लाबाट सुरु भई चरणवद्ध रुपमा देश भर विस्तार हुँदैछ। साथै आगामी आ.व. २०७७/०७८ भित्र देशका ७७ वटै जिल्लामा पुऱ्याउने लक्ष्य रहेको छ।

## स्वास्थ्य बीमामा आबद्ध हुने तरिका

- प्रत्येक वडामा रहेका दर्ता सहयोगी मार्फत यस कार्यक्रममा आबद्ध हुन सकिन्छ।
- बिमीत हुन चाहने परिवारले आफ्नो घरमुली तथा अन्य सदस्यहरुको नागरिकता वा नेपाल सरकारबाट जारी वैधानिक परिचय पत्र अनिवार्य रुपमा देखाई परिवारका सबै सदस्यहरुको आवश्यक फाराम भरि दर्ता सहयोगीले मोबाइलबाट फोटो खिचेर मात्र आबद्ध हुन सकिन्छ।

## बीमामा आबद्ध हुन लाग्ने योगदान रकम

- ५ जनासम्मको परिवारलाई वर्षिक रु. ३५००।-
- ५ जना भन्दा बढी सदस्य भएको परिवारमा थप प्रति सदस्यको लागि रु. ७००।-
- ७० वर्ष भन्दा माथिका जेष्ठ नागरिक, अति गरिब, अति अशक्त, अपाङ्गता भएका व्यक्ति एवं कुष्ठरोगी, एम.डि.आर. टि.वि. र एच.आइ.भि. संक्रमित बिरामी भएका घर परिवारलाई योगदान रकममा पूर्ण छुटको व्यवस्था छ।

## बिमीत परिवारले पाउने सुविधाको थैली

- ५ जनासम्मको परिवारको वार्षिक रु. १,००,०००।- सम्मको स्वास्थ्य उपचार पाइन्छ।
- ५ जनाभन्दा बढी प्रति थप सदस्य बापत सुविधाको थैलीमा रु.२०,०००।- वृद्धि हुदै जान्छ र परिवार संख्या अनुसार बढीमा रु.२,००,०००।- सम्मको उपचार सुविधा पाइन्छ।
- जेष्ठ नागरिकले वार्षिक रु.१,००,०००।- सम्मको स्वास्थ्य उपचार सेवा पाउनेछन्।
- स्वास्थ्य बीमामा सुविधा लिन हरेक वर्ष अनिवार्य रुपमा नविकरण गर्नु पर्दछ।

## स्वास्थ्य बीमा कार्यक्रमबाट उपलब्ध हुने सेवा सुविधाहरु

- वहिरंङ्ग, अन्तरंङ्ग, आकस्मिक तथा अन्य कक्षबाट प्रदान गरिने बीमा बोर्डले तोकेका उपचार सेवाहरु।

## स्वास्थ्य बीमा लागु भई सकेका जिल्लाहरु

प्रदेश नं. १ : ईलाम, झापा, सुनसरी, सोलुखुम्बु, भोजपुर, खोटाङ्ग, संखुवासभा, मोरङ्ग, ओखलढुंगा र तेह्रथुम
प्रदेश नं. २ : महोत्तरी, पर्सा, रौतहट, धनुषा र सिराहा
प्रदेश नं. ३ : भक्तपुर, मकवानपुर, चितवन, रामेछाप, सिन्धुली,काभ्रेपलाञ्चोक र धादिङ्ग
गण्डकी प्रदेश : बाग्लुङ्ग, कास्की, म्याग्दी, तनँहु, गोरखा, स्याङ्गजा र पर्वत
प्रदेश नं. ५ : पाल्पा, बर्दिया, रोल्पा, रुकुम पूर्व, प्यूठान, अर्घाखाँची, कपिलबस्तु, बाँके र गुल्मी
कर्णाली प्रदेश : जाजरकोट, सुर्खेत, रुकुम पश्चिम, जुम्ला, कालीकोट, हुम्ला, डोल्पा, मुगु र दैलेख
सुदुपश्चिम प्रदेश : कैलाली, अछाम, बैतडी, बाजुरा, बझाङ्ग, दार्चुला, कन्चनपुर, डोटी र डडेलधुरा

## तत्काल लागु हुने जिल्लाहरु

धनकुटा, सप्तरी, रुपन्देही र नुवाकोट

**थप जानकारीको लागि**

**www.hib.gov.np मा लग इन अथवा कार्यालय समयभित्र हट लाइन १६६०-०१-११२२४ मा फोन गर्नुहोस ।**

**"सबैले समयमै स्वास्थ्य बीमा गरौ, परिवारको स्वास्थ्य उपचारमा ढुक्क होऔं"**